**Humanities and Social Sciences Journal**
2026 (June); Volume 18, Number 1: 258-271
https://rrlc.tu.edu.np
doi: https://doi.org/10.3126/hssj.v18i1.99870
ISSN: 2594-3065 (Print); ISSN: 3021-9744 (Online)

Tribhuvan University,
Ratna Rajyalaxmi Campus,
Research & Educational
Development Project
Management Committee (RMC)

# नेपालमा राष्ट्रिय युवा नीति विकासक्रम (२०६६- २०८२) को विश्लेषणात्मक अध्ययन

**सुरेन्द्र बस्नेत**
एम.फिल., राजनीति शास्त्र केन्द्रीय विभाग, त्रिभुवन विश्वविद्यालय
Email: surendradamak@gmail.com

**To cite this article:** Basnet, S. (2026). नेपालमा राष्ट्रिय युवा नीति विकासक्रम (२०६६- २०८२) को विश्लेषणात्मक अध्ययन. *Humanities and Social Sciences Journal*, *18*(1), 258-271. https://doi.org/10.3126/hssj.v18i1.99870

**Received:** August 4, 2026; **Accepted:** September 1, 2026; **Published:** September 9, 2026

## लेखसार

नेपालको जनसङ्ख्याको ठूलो हिस्सा ओगट्ने युवाको सर्वाङ्गीण विकास गर्दै उनीहरूलाई राष्ट्रिय विकासको मूल प्रवाहमा समावेश गर्ने अभिप्रायले विभिन्न समयमा युवा नीतिहरू तर्जुमा गरिएका छन्। प्रस्तुत अध्ययनले राष्ट्रिय युवा नीति २०६६ , राष्ट्रिय युवा नीति २०७२ र राष्ट्रिय युवा नीति २०८२ को चरणवद्ध विकासक्रम, नीतिगत बिशेषता र समयसापेक्ष परिवर्तनको विश्लेषणात्मक अध्ययन गरेको छ। गुणात्मक विधि अन्तर्गत दस्तावेज र विषयवस्तु विश्लेषणमा आधारित यस अध्ययनले नेपालमा एकात्मक शासन व्यवस्थाबाट सङ्घीय संरचनातर्फ रूपान्तरण हुँदै गरेको युवा नीतिको विकासक्रमको लेखाजोखा गरेको छ।

*शब्दकुन्जी:* राष्ट्रिय युवा नीति, युथ भिजन, युवा, सशक्तिकरण, उद्यमशीलता, नेतृत्व ।

© Author(s). This paper is distributed under the terms of the Creative Commons CC BY-NC 4.0 DEED (https://creativecommons.org/licenses/by-nc/4.0/), which permits copying and redistributing the material in any medium or format for non-commercial uses with proper attribution to the creator.

## परिचय

नेपालको राष्ट्रिय युवा नीति विकासक्रमको अध्ययनलाई सहि दिशा प्रदान गर्न सर्वप्रथम 'युवा' र 'युवा नीति ' सम्वन्धमा संक्षिप्त चर्चा गर्नु उपयुक्त हुन्छ। युवाका सम्वन्धमा विभिन्न राजनीतिशास्त्री एवम् समाजशास्त्रीहरुले विभिन्न परिभाषा दिएका छन्। युवा अवस्था मुख्यतः ' बाल्यकाल र वयस्ककाल बीचको चरण ' र ' निर्भरताबाट स्वतन्त्रतातर्फको संक्रमण' को अवस्था हो ( केहिली, २००७)।

पूर्वीय वैदिक परम्परामा युवा अवस्थालाई उर्जा र सामर्थ्यका रुपमा हेर्ने गरिन्छ। ऋग्वेदमा युवाहरूलाई राष्ट्र निर्माणका संवाहक र उर्जावान् शक्तिका रूपमा चित्रण गरिएको छ (तैत्तिरीय उपनिषद्, मिति अनु.)।

प्राचीन पूर्वीय राजनीतिक विश्लेषक तथा अर्थशास्त्री कौटिल्य (चाणक्य) ले आफ्नो ग्रन्थ अर्थशास्त्रमा युवाहरूको उर्जालाई राज्यको हित र सुरक्षामा कसरी परिचालन गर्ने भन्नेबारे स्पष्ट नीतिगत धारणा राखेका छन्। उनले युवाहरूको बौद्धिक र शारीरिक क्षमतालाई विलासिताबाट जोगाउँदै राष्ट्रिय उत्पादन र सुरक्षामा लगाउनु राज्यको दायित्व मानेका छन् ( कौटिल्य, २०२१)।

आधुनिक पूर्वीय दार्शनिक स्वामी विवेकानन्दले युवालाई समाज र देश परिवर्तनको मुख्य इन्जिन मानेका छन्। उनका विचारहरू वर्तमान समयमा युवा नीति निर्माणका लागि निकै महत्वपुर्ण मानिन्छन्। उनले युवालाई 'उठ, जाग र ध्येय प्राप्ति नभएसम्म नरोक' भनेका छन् (विवेकानन्द, १८९७)। अर्को पूर्वीय राजनीतिक तथा सामाजिक दार्शनिक महात्मा गान्धीले युवा, श्रम र नैतिक शिक्षा सम्बन्धमा चर्चा गरेको पाइन्छ। गान्धीले युवाहरूलाई अहिंसा, श्रमको सम्मान र सामाजिक सेवाको माध्यमबाट राष्ट्र निर्माणमा लाग्न अभिप्रेरित गरेका थिए ( गान्धी, १९३१)।

युवा राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक रूपान्तरणका अग्रदूत तथा परिवतर्नका संवाहक हुन्। उनीहरू राष्ट्रका अमूल्य सम्पत्ति हुन्। साहस, सिर्जनशीलता, सिक्ने क्षमता एवम् उच्च आत्मविश्वासका कारण यो वर्ग राष्ट्रको प्रमुख धरोहरको रूपमा रहेको हुन्छ, जसलाई राष्ट्र निर्माणको प्रमुख स्रोतसमेत मानिन्छ। गुणात्मक र सङ्ख्यात्मक दृष्टिले युवा राष्ट्रको मेरूदण्ड भएकाले युवाको सर्वाङ्गीण विकास गरी उनीहरूको क्षमतालाई राष्ट्रिय विकासको मूलधारमा ल्याउनु जरूरी हुन्छ ( युवा तथा खेलकुद मन्त्रालय, २०७२)।

संयुक्त राष्ट्रसंघले १५ देखि २४ वर्षको उमेर समूहका मानिसलाई युवाको रुपमा परिभाषित गरे पनि हरेक देशमा युवाको परिभाषा आ-आफ्नै रहेको पाइन्छ। नेपालमा राष्ट्रिय युवा नीति २०८२ ले १८ देखि ३५ वर्षको उमेर समूहलाई युवा मानेको छ। तर राष्ट्रिय युवा परिषद ऐन २०७२ र युथ भिजन २०७२ ले भने १६-४० वर्षको उमेर समूहलाई नै युवा मानेको छ। भारत सरकारले जारी गरेको राष्ट्रिय युवा नीति-२०२५ मा १५ देखि २९ वर्षको उमेर समूहलाई युवा मानिएको छ। वंगलादेशमा १८-३५ र श्रीलङ्कामा १५-२९ उमेर भित्रको जनसङ्ख्यालाई युवाका रुपमा परिभाषित गरिएको छ ( युवा तथा खेलकुद मन्त्रालय, २०८२ )।

यसरी देशैपिच्छे युवाको परिभाषा फरकफरक भए पनि मूलत: उमेरले उर्जाशील, सक्रियताले गतिशिल र राष्ट्रनिर्माणका दृष्टिले सृजनशील तप्काको जनसङ्ख्यालाई नै युवाको रुपमा वुझ्नुपर्दछ। सामान्यतया तिनै युवाहरुको सशक्तिकरण गर्दै सर्वाङ्गीण विकास गर्न राज्य वा सरकारका तर्फवाट तय गरिने नीतिलाई नै सम्वन्धित देशको राष्ट्रिय युवा नीति भनिन्छ। युवा नीति भनेको कुनै पनि देशका युवाहरूको विकास र हितका लागि त्यस देशले तय गरेको स्पष्ट, दीर्घकालीन र एकीकृत मार्गचित्र हो।यसले युवाहरूका आवश्यकता,चुनौती र अवसरहरूलाई सम्बोधन गर्न सरकारले चाल्ने कदम, लगानी र प्रतिबद्धतालाई कानुनी तथा संस्थागत ढाँचामा समेट्छ ( संयुक्त राष्ट्रसंघ, २०१०)।

नेपालको राष्ट्रिय युवा नीति २०७२ अनुसार युवा नीति भनेको राष्ट्रिय विकासमा युवाको नेतृत्वदायी भूमिका स्थापित गर्न उनीहरूको क्षमता विकास, रोजगारी सिर्जना, स्वास्थ्य, मनोरञ्जन र सामाजिक सुरक्षा सुनिश्चित गर्दै मुलुकको समृद्धिका लागि परिचालन गर्ने राज्यको मार्गनिर्देशक नीति हो (युवा तथा खेलकुद मन्त्रालय, २०७२)।

युरोपियन युथ फोरमले युवा नीतिलाई अन्तर-क्षेत्रगत दृष्टिकोणबाट परिभाषित गरेको छ। यस अनुसार युवा नीति भनेको युवाहरूको जीवनस्तरमा सुधार ल्याउन, उनीहरूको अधिकारको संरक्षण गर्न र समाजमा उनीहरूको सक्रिय सहभागिता सुनिश्चित गर्नका लागि विभिन्न क्षेत्रगत नीतिहरूलाई एकीकृत गर्ने समष्टिगत रणनीति हो (युरोपियन युथ फोरम, २०१४)।

समग्रमा युवा को हुन् र को होइनन् भन्ने वहस विगत लामो समयदेखि चल्दै आएको छ। कसैले युवालाई जोश र उर्जाका पर्यायका रुपमा हेर्ने गरेका छन्। कसैले युवा भनेको सृजनशीलता र गतिशीलताको नाम हो भनेका छन्। कसैले युवा भनेको परिवर्तनको पर्याय हो भनेका छन्। कसैले युवालाई भविश्यका कर्णधार भनेका छन्। कतिपयले युवालाई भविश्यका मात्र नभएर वर्तमानकै साझेदार हुन् भनेका छन्। यसरी हेर्दा कसैले गुण, कसैले चरित्र, कसैले सोच र कसैले प्रवृत्तिका आधारमा युवालाई परिभाषित गरेको पाइए पनि राज्य वा सरकारको आधिकारिक कानुनी परिभाषामा चाहीं निश्चित उमेर समूहलाई नै जोड दिइएको पाइन्छ। समग्रमा कुनै पनि देशको राष्ट्रिय युवा नीतिद्वारा परिभाषित गरिएको उमेर समूह भित्रका मानिसलाई नै 'युवा' र उनै युवाको सर्वाङ्गीण विकास र सशक्तीकरणका लागि राज्यद्वारा तय गरिने नीतिलाई नै 'युवा नीति' भनेर बुझ्नुपर्दछ।

युवा र युवा नीतिका विषयमा परापूर्वकालदेखि नै चर्चा हुँदै आएपनि सन् १९८५ लाई संयुक्त राष्ट्रसंघले अन्तर्राष्ट्रिय युवा वर्षको रूपमा घोषणा गरेपछि युवाका मुद्धामा संस्थागत रुपमा वहस र पैरवी हुन थालेको हो। सन् १९९१ मा अस्ट्रियाको भियनामा भएको विश्व युवा मञ्चमा अन्तर्राष्ट्रिय युवा दिवसको अवधारणा र आवश्यकता वारे सहभागीहरुले सशक्त आवाज उठाएका थिए। त्यसपछि सन् १९९८ अगस्ट ८ देखि १२ सम्म संयुक्त राष्ट्रसंघको समन्वयमा पोर्चुगलको लिसवनमा १४० देशका युवा मामिला हेर्ने मन्त्री तथा प्रतिनिधिको सहभागितामा विश्व सम्मेलन भएको थियो।

उक्त सम्मेलनले आआफ्ना देशमा राष्ट्रिय युवा नीति तर्जुमा गर्ने साझा प्रतिवद्धता सहित ८८ बुँदे लिसवन घोषणापत्र जारी गरेको थियो। उक्त घोषणापत्रमा युवा विकास र सशक्तिकरणका लागि आ-आफ्नो देशमा राष्ट्रिय युवा नीति जारी गर्ने प्रतिवद्धता समेत जनाइएको थियो। त्यस सम्मेलनले हरेक वर्षको अगष्ट १२ लाई अन्तर्राष्ट्रिय युवा दिवस मनाउने प्रस्ताव समेत पारित गरेको थियो। सन् १९९९ मा भएको संयुक्त राष्ट्रसंघको महासभाले उक्त प्रस्ताव अनुमोदन गरेपछि सन् २००० बाट हरेक वर्षको अगष्ट १२ को दिनलाई अन्तर्राष्ट्रिय युवा दिवसका रुपमा मनाउन थालियो। त्यस दिवसलाई संसारभर युवा हकहित र सशक्तिकरणका लागि वहस र पैरवी गर्ने उत्सवको रुपमा हेरिन थालियो। त्यससँगै संसारका विभिन्न देशमा आआफ्नै आवश्यकता र परिवेश अनुसार राष्ट्रिय युवा नीति निर्माण गर्ने शिलशिला सुरु भयो ( यु.एन. डिजिटल लाइब्रेरी सिस्टम, १९९८)।

## अध्ययनको उद्देश्य र महत्व

यस अध्ययनको मुख्य उद्देश्य वि.सं. २०६६ देखि २०८२ सम्मको समयावधिमा नेपालको राष्ट्रिय युवा नीतिको विकासक्रम, उमेर समूहको परिमार्जन र प्राथमिकताका क्षेत्रमा आएको उतारचढावको प्राज्ञिक समीक्षा गर्नु हो।वर्तमान समयमा राष्ट्रिय, क्षेत्रीय र अन्तर्राष्ट्रिय जगतमा युवाका मुद्धाका मुद्धा केन्द्रविन्दुमा छन्।यस अध्ययनवाट उच्च जनसाङ्ख्यिक लाभमा रहेको नेपालले युवा परिचालनका माध्यमवाट आर्थिक विकासको फड्को हान्ने नीतिगत गन्तव्य पहिल्याउन सक्दछ। युवा विकास, सहभागिता र परिचालनका क्षेत्रमा भएगरेका अनुभव र प्रयोगको अध्ययनले समग्र युवा नीति पुनरावलोकनमा मद्धत पुग्नेछ। यसैगरी यस अध्ययनले शिक्षा, रोजगार, स्वास्थ्य र राजनीतिक सहभागिताजस्ता विविध पक्षहरूलाई सम्बोधन गर्ने समग्र दृष्टिकोणको वकालत गर्नेछ । यसले नीति निर्माताहरूलाई समावेशी र प्रभावकारी युवा नीतिहरू निर्माण गर्न मद्दत गर्नेछ। उन्तत: अभ्यासहरूको विश्लेषणमार्फत नीति परिमार्जनका लागि यसले महत्वपूर्ण आधार दिन सक्दछ।सारमा यस अध्ययनले नेपालको युवा नीतिको विकासक्रमको बस्तुनिष्ठ समीक्षा गर्दै युवाका समस्या पहिचान गर्दै त्यसको समाधानको वाटो पहिल्याउन सकारात्मक योगदान दिनेछ। त्यसैगरी यस अध्ययनले युवालाई राष्ट्रिय विकासको अभिन्न अंगको रुपमा स्विकार्दै उनीहरूको सर्वाङ्गीण विकासका लागि वन्ने नयाँ युवा नीतिको बहसलाई थप पृष्ठपोषण गर्नेछ ।

## अध्ययन विधि (Methodology)

सामन्यतया अनुसन्धान विधिले समग्र अनुसन्धानलाई दिशावोध या मार्गदर्शन गर्ने काम गर्दछ। कुनैपनि वस्तुपरक अनुसन्धानका लागि वैज्ञानिक अनुसन्धान विधि आवश्यक हुन्छ। कुनै अनुसन्धानको सफलता वा शुद्धता धेरै हदसम्म कस्तो विधि अवलम्बन गरिएको छ भन्नेमा निर्भर रहन्छ।त्यसैले अनुसन्धान प्रक्रियामा अनुसन्धान विधि निकै महत्वपूर्ण हुन्छ। प्रस्तुत अध्ययन मूलत: गुणात्मक अध्ययन विधिमा आधारित रहेको छ। आवश्यकता अनुसार ऐतिहासिक, विश्लेषणात्मक र विवरणात्मक विधि पनि यसमा अवलम्बन गरिएको छ।

यस अध्ययननमा तुलनात्मक विश्लेषण विधिलाई पनि अङ्गिकार गरिएको छ। यस उद्देश्य प्राप्तिका लागि गुणात्मक अनुसन्धान पद्धति नै उपयुक्त मानिएको छ। किनभने यसले नीति निर्माणको प्रक्रिया, नीतिगत प्राथमिकता, कार्यान्वयनको अवस्था तथा सरोकारवालाहरूको अनुभव र धारणा गहिराइमा अध्ययन गर्न सहयोग गर्दछ ( क्रिसवेल र पोथ, २०१८)।

यस अध्ययनमा तथ्यांक संकलनका लागि मुख्यतः उद्देश्यमुलक तथ्यांक संकलन विधि अबलम्वन गरिएको छ। अध्ययनको प्रकृति , दायरा र सीमा वमोजिम यो विधि अपनाइएको हो। यसै आधारमा  संयुक्त राष्ट्रसंघले जारी गरेका युवा नीति सम्वन्धी दस्तावेज, नेपालको संविधान, राष्ट्रिय योजना आयोगका प्रतिवेदन , राष्ट्रिय युवा नीति, ऐन, रणनीतिक योजनाहरू र सरकारी प्रतिवेदनहरूको संकलन तथा विश्लेषण  गरिएको छ। यसका साथै युवा सम्वन्धि अन्य महत्वपुर्ण राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिवेदनहरुका भौतिक तथा डिजिटल सामाग्री संङकलन गरिएको छ। यसरी प्राप्त तथ्याङ्कलाई विवरणात्मक, तुलनात्मक र विश्लेषणात्मक विधिको आधारमा प्रस्तुतीकरण गरिएको छ। यस अध्ययनमा मुलत: उद्देश्यमूलक छनोट विधि मार्फत् सङ्कलन गरिएका नीतिगत दस्तावेज, ऐन, प्रतिवेदन तथा पुस्तकहरूको विश्लेषण गर्न गुणात्मक दस्तावेज विश्लेषण विधिअन्तर्गत विषयवस्तु विश्लेषण र तुलनात्मक ढाँचाको प्रयोग गरिएको छ।

## विश्लेषण

### नेपालमा राष्ट्रिय युवा नीतिको ऐतिहासिक विकासक्रम

नेपालमा औपचारिक रुपले युवासम्बन्धी नीति निर्माणको वहस र सोच विकसित भएको धेरै भएको छैन। लामो समयसम्म युवासम्बन्धी गतिविधिहरू शिक्षा, खेलकुद तथा स्वयंसेवी कार्यक्रमहरूभित्र नै खोज्नुपर्दथ्यो। युवालाई छुट्टै नीतिगत समूहका रूपमा पहिचान गरी उनीहरूको आवश्यकता र सम्भावनालाई सम्बोधन गर्ने प्रयास भने २०४६ सालको राजनीतिक परिवर्तनमात्र बढी देखिन थाल्यो ( युवा तथा खेलकुद मन्त्रालय, २०६६)।

नेपालमा योजनावद्ध विकासको थालनी वि.स. २०१३ सालवाट थालनी भएपनि त्यसले लामो समयसम्म युवा नीति र गतिविधिलाई समेट्न सकेको थिएन। वि.सं.२०४६ सालअघि युवा केन्द्रित् क्रियाकलापहरु मुख्यतः विद्यालय, महाविद्यालय, विश्वविद्यालय, खेलकुद संस्था तथा सामाजिक संगठनहरूमा वढी केन्द्रित् भएको पाइन्छ। यस अवधिमा युवाका लागि छुट्टै राष्ट्रिय नीति वा स्पष्ट संस्थागत संरचना विकास भएको देखिंदैन। युवालाई मुख्यतः विद्यार्थी, खेलाडी वा सामाजिक गतिविधिमा संलग्न समूहका रूपमा हेरिन्थ्यो। दलविहीन पञ्चायती व्यवस्थाको समयमा राष्ट्रिय विकास सेवा, राष्ट्रिय खेलकुद परिषद् तथा विद्यार्थी संगठनमार्फत युवालाई परिचालन गर्ने प्रयास भए तापनि युवा विकासलाई समग्र दृष्टिकोणबाट हेर्ने नीति निर्माण भएको थिएन (शर्मा, २०१४)।

राष्ट्रिय विकास सेवा कार्यक्रमअन्तर्गत त्रिभुवन विश्वविद्यालयवाट स्नातक तह अध्ययनरत विद्यार्थीलाई गाउँगाउँमा खटाउने अवधारणा आएको थियो। युवा भनेर नतोकिएपनि युवा उमेरसमूहका विद्यार्थीलाई शिक्षा, कृषि, स्वास्थ्य र जनचेतना अभिवृध्दि जस्ता कार्यक्रममार्फत् राष्ट्रसेवामा परिचालन गर्ने उदेश्य राखिएको थियो। तर शासकीय सङ्कीर्णता र दायराका कारण त्यसले अपेक्षाकृत रुपमा सफलता हासिल गर्न सकेन। त्यसैगरी खेलकुद विकासका निमित्त स्थापित राष्ट्रिय खेलकुद परिषदका कार्यक्रमहरु युवा केन्द्रित् नै भएतापनि वास्तविक अर्थमा ती खेलकुद लक्षित मात्र थिए ( शर्मा, २०१४)।

वि.सं.२०४६ सालको जनआन्दोलनपछि देशमा वहुदलीय ब्यवस्थाको वहाली भयो। खुला लोकतान्त्रिक वातावरणपछि हरेक क्षेत्रमा युवाको राजनीतिक तथा सामाजिक सहभागिता उल्लेखनीय रूपमा बढ्न थाल्यो। विभिन्न राजनीतिक दल तथा नागरिक समाजसँग आबद्ध युवा संगठनहरू सक्रिय बने। यस अवधिमा युवा विकासलाई सार्वजनिक नीतिको विषयका रूपमा उठाउने प्रयासहरू पनि बढ्दै गए। यस चरणमा शिक्षा विस्तार, वैदेशिक रोजगारीको वृद्धि, सूचना प्रविधिको पहुँच तथा नागरिक चेतनाको विकासले युवाको सामाजिक भूमिकामा परिवर्तन ल्यायो। यद्यपि युवासम्बन्धी कार्यक्रमहरू विभिन्न मन्त्रालय तथा निकायहरूमा छरिएर रहेका कारण एकीकृत नीति अभाव महसुस गरिएको थियो (राष्ट्रिय योजना आयोग, २००७)।

सरकारको नवौं तथा दशौं पञ्चवर्षीय योजनामा पुग्दा ठाडै युवा केन्द्रित् नीति उल्लेख न भएपनि युवा स्वरोजगार, सीपमुलक तालिम जस्ता कार्यक्रम उल्लेख हुन थाले। जसले युवालाई सम्वोधन गर्ने कोशिस गरेको हुन्थ्यो। यस चरणमा उल्लेख युवा जागरण पैदा भएपनि ठोस युवा नीति र कार्यक्रमको प्रारुप चाहिं अझै वन्न सकेको थिएन।

नेपालमा दशवर्षे सशस्त्र सङ्घर्ष पछि २०६२/०६३ मा ऐतिहासिक जनआन्दोलन सम्पन्न भयो। युवाहरुको उल्लेख्य सहभागिता भएकोआन्दोलनको सफलतापछि स्वाभाविक रुपमा युवाको भूमिकालाई त्यसले नयाँ ढंगले स्थापित गर्‍यो। त्यसपछि युवाहरुलाई केवल परिवर्तनका सहभागी मात्र नभएर शान्ति निर्माण, लोकतान्त्रिक सुदृढीकरण तथा विकास प्रक्रियाका महत्वपूर्ण साझेदारका रूपमा हेर्न थालियो ( यू.एन्.डि.पि. नेपाल, २०१३)।

**राष्ट्रिय युवा नीति २०६६ : पहिलो औपचारिक दस्तावेज**

नेपालमा सन् २००४ वरिपरिवाट मुख्यतः गैरसरकारी क्षेत्रवाट अन्तर्राष्ट्रिय युवा दिवस मनाउन थालिएको देखिन्छ। संयुक्त राष्ट्रसंघको आह्वानमा अगष्ट १२ का दिन मनाइने उक्त दिवसमा युवा अधिकार र सशक्तीकरणका पक्षमा वहस , पैरवी र सरोकारवालाको ध्यानाकर्षण गराउन थालिएको देखिन्छ। यसैक्रममा युवाका लागि अलग्गै युवा मन्त्रालय र युवा नीतिको वहस अगाडि आएको पाइन्छ। अन्ततः वि.स.२०६५ सालमा शिक्षा मन्त्रालयको एउटा महाशाखाका रुपमा रहेको युवाको मामिला र क्षेत्र एउटै अलग्गै मन्त्रालयको रुपमा विस्तार भयो। त्यसरी गठन भएको युवा तथा खेलकुद मन्त्रालयले विभिन्न सरोकारवालाको समेत परामर्शमा राष्ट्रिय युवा नीतिको पहिलो मस्यौदा तयार पारेको देखिन्छ ( युवा तथा खेलकुद मन्त्रालय , २०६६ )।

राष्ट्रिय युवा नीति २०६६ नेपालको पहिलो आधिकारिक सरकारी युवा नीति हो। वि.स. २०६६ माघ १४ गते नेपाल सरकार मनत्रिपरिषददद्वारा स्विकृत यस नीतिले पहिलोपटक नेपालको सन्दर्भमा युवाको उमेर समुहलाई परिभाषित गरेको थियो। जसअनुसार १६ देखि ४० वर्षको उमेर समूहलाई युवा मानिने व्यवस्था गरिएको थियो। यस अनुसार तत्कालीन समयमा कुल जनसङ्ख्याको ३८.८५ प्रतिशत जनसङ्ख्या युवाको रहेको थियो। यस नीतिले 'नेपाली युवाहरूलाई सक्षम, प्रतिस्पर्धी, आत्मनिर्भर र नेतृत्वदायी बनाई राष्ट्र निर्माणमा उनीहरूको सार्थक सहभागिता सुनिश्चित गर्ने 'बिषयलाई आफ्नो मूल ध्येय (Vision) तय गरेको थियो। यसैगरी यस नीतिले शिक्षा, स्वास्थ्य, रोजगारी, उद्यमशीलता, र सामाजिक सुरक्षा जस्ता आधारभूत आवश्यकताहरूको परिपूर्ति गर्नुलाई प्राथमिकतामा राखेको थियो। यस नीतिले विशेष प्राथमिकता समुह पनि किटान गरेको थियो। जसअनुसार दलित, आदिवासी जनजाति, महिला, अपाङ्गता भएका व्यक्ति, द्वन्द्वपीडित र पिछडिएको क्षेत्रका युवाहरूलाई विकासको मूलधारमा ल्याउन सकारात्मक विभेद (आरक्षण) को नीति अबलम्वन गर्ने उल्लेख गरिएको थियो। त्यसैगरी यस नीतिले देशको आर्थिक, सामाजिक, र राजनीतिक रूपान्तरणका लागि युवा जनशक्तिलाई संवाहक शक्तिको रूपमा परिचालन गर्ने मार्गचित्र अघि सारेको थियो। ( युवा तथा खेलकुद मन्त्रालय, २०६६)

**राष्ट्रिय युवा नीति २०७२**

राष्ट्रिय युवा नीतिलाई प्रत्येक ५-५ वर्षमा अद्यावधिक गर्ने प्रावधान साविक नीतिमै ब्यवस्था गरिएमुताविक यो नीति अघि सारिएको हो। नेपाल सरकार मन्त्रिपरिषदवाट२०७२ असोज १९ गते स्विकृत भएको यो नीति तुलनात्मक रुपले व्यापक सरोकारवालाको सहभागितामा ल्याइएको मानिन्छ। युवाका आधारभूत अधिकारहरूको प्रत्याभूति गर्दै युवा सशक्तीकरणका माध्यमबाट सामर्थ्यवान्, उद्यमशील, सिर्जनशील तथा वैज्ञानिक एवं सकारात्मक सोचयुक्त समृद्ध युवा तयार गर्नु यस नीतिको मुख्य दुरदृष्टि हो। यस्तै राष्ट्रको राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक जीवनमा अर्थपूर्ण योगदान दिन सक्ने गरी राष्ट्रका युवालाई नेतृत्वदायी भूमिकामा स्थापित गराउनु यस राष्ट्रिय युवा नीतिको दूरदृष्टिमा उल्लेख गरिएको छ( युवा तथा खेलकुद मन्त्रालय , २०७२)।

यस नीतिमा युवाको उमेरको परिभाषामा पुरानै १६-४० लाई नै निरन्तरता दिएपनि स्वयम् युवालाई दुई समुहमा विभाजन गरेको देखिन्छ। सिक्ने ,सिकाउने , नेतृत्व र ब्यक्तित्व विकासका हिसाबले १६-२४ को उमेर समुह एवम् स्वरोजगार र उद्यमशीलता विकासका दृष्टिकोणले २५-४० को उमेर समुह छुट्याइएको पाइन्छ। अघिल्लो नीतिको तुलनामा यो एउटा महत्वपूर्ण नयाँपन हो। यस नीतिले जोड दिएको अर्को महत्वपूर्ण पक्ष भनेको राष्ट्रिय युवा परिषद स्थापनामा हो । युवा सशक्तीकरणका लागि तय गरिएका नीतिको प्रभावकारी कार्यान्वयनका लागि युवाका ठोस र प्रभावकारी संरचनामा यसले विशेष जोड दिएको देखिन्छ।

यस नीतिले लोकतान्त्रिक गणतन्त्र र परिवर्तनका मुल्यहरुलाई आत्मसात गर्ने कोशिस गरेको देखिन्छ। यसले प्राथमिकताको समूहको रुपमा महिला, आदिवासी जनजाति, मधेशी, थारू,

मुस्लिम लगायतका युवालाई किटानी गरेको छ।त्यस्तै विशेष प्राथमिकताको समूहको रुपमा द्वन्द्वपीडित, अपाङ्गता भएका, सीमान्तकृत, लोपोन्मुख, दलित, जोखिममा परेका, कर्णाली तथा पिछडिएका क्षेत्रका युवालाई सम्वोधन गरिएको देखिन्छ। यसरी हेर्दा यो नीति समावेशीकरणको मामिलामा स्पष्ट , उदार र अग्रगामी देखिन्छ। खासगरी नेपालको नयाँ संविधानले अबलम्वन गरेका परिवर्तनका मुल्यहरुलाई यस नीतिले पछ्याउने प्रयत्न गरेको देखिन्छ ( नीति अनुसन्धान प्रतिष्ठान, २०८३ )।

**युथ भिजन २०२५ : नीति कार्यान्वयनको खाका**

युवा विकास र परिचालनका लागि युवा कार्यक्रम संयोजन गर्न गराउन राष्ट्रिय युवा परिषद् ऐन २०७२ जारी भएपछि परिषद् गठनको वैधानिक बाटो खुल्यो । परिषद्को स्थापनासँगै युवा विकास र परिचालनका लागि साङ्गठनिक संरचना पनि निर्माण हुँदै गए। विशेषगरी राष्ट्रिय युवा नीति २०७२ मा युवा विकासका लागि समावेश गरिएका विषयहरुलाई प्राथमिकता निर्धारण गरेर कार्यान्वयनका लागि युवा विकासको स्पष्ट दृष्टिकोण, रणनीतिक कार्ययोजना र कार्यक्रम तय गर्न ठोस खाका जरुरी थियो। यसै आवश्यकता अनुसार नेपाल सरकारका विभिन्न मन्त्रालय तथा निकायहरू, युवा विकाससँग सम्बन्धित संघ/संस्थाहरू र अन्तर्राष्ट्रिय दातृ संस्थालाई युवा विकासको लक्ष्यमा समन्वयात्मक रूपमा परिचालन गरी राष्ट्रिय युवा नीति, २०७२ लाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न 'युथ भिजन २०२५' सहितको दश बर्षे रणनीतिक योजना अघि सारिएको हो ।

यस युथ भिजनले सन् २०२५ सम्ममा नेपाललाई विकासशील राष्ट्रमा पुऱ्याउन शिक्षालाई गुणस्तरीय, व्यावसायिक र रोजगारीमूलक बनाउँदै युवाको पहुँच सुनिश्चित गर्न जोड दिएको छ। यसले युवा उद्यमशीलता, सिप विकास र रोजगारी सिर्जनालाई प्राथामिकतामा राखेको छ। यसले कृषि, पर्यटन, उर्जा, पूर्वाधार र जडिबुटी नेपालका लगानी र रोजगारीका महत्वपूर्ण क्षेत्र हुन् भन्ने औंल्याएको छ। त्यसैगरी सबल र स्वस्थ युवा निर्माण गर्न युवाका लागि स्वास्थ्य र सामाजिक सुरक्षाको सुनिश्चिततामा यसले जोड दिएको छ। यस्तै युवा परिचालन, सहभागिता र नेतृत्व विकासविना कुनै पनि देशले विकासको अपेक्षित लक्ष्य हासिल गर्न सक्दैन भन्ने यस भिजनको ठहर छ । यसका साथै खेलकुद र मनोरञ्जनलाई युवाको मानसिक र शारीरिक स्वास्थ्यका साथै व्यक्तित्व विकाससँग जोड्नुपर्ने बाटो यस युथ भिजनले देखाउन खोजेको छ। यिनै बिषयवस्तु समेटेर यसमा युवा विकासका लागि दशबर्षे रणनीतिक योजना र कार्यक्रमका पाँच आधारस्तम्भ अघि सारिएको छ। जुन तपशील वमोजिम रहेका छन्:

- गुणस्तरीय र ब्यवसायिक शिक्षा
- रोजगारी, उद्यमशीलता र सीप विकास
- स्वास्थ्य र सामाजिक सुरक्षा
- युवा परिचालन , सहभागिता र नेतृत्व विकास
- खेलकुद र मनोरञ्जन (राष्ट्रिय युवा परिषद , २०७८)।

यो मुलत: राष्ट्रिय युवा नीति कार्यान्वयन गर्नका लागि तयार गरिएको मार्गचित्र हो। यो दस्तावेज युवा तथा खेलकुद मन्त्रालयले गठन गरेको कार्यदलले तयार गरी स्विकृत भएको हो। यसमा तोकिएका उदेश्य हासिल गर्न अबलम्वन गरिनुपर्ने ठोस भिजन तथा कार्ययोजना समेटिएको छ।

**राष्ट्रिय युवा परिषद ऐन २०७२: संरचनात्मक कोषेढुङ्गा**

राष्ट्रिय युवा परिषद ऐन २०७२ ले मुलत: युवाको हक हितको संरक्षण र सम्वर्धनका लागि औपचारिक र मुर्त रुपमा राष्ट्रिय युवा परिषद स्थापना गरी अघि वढ्ने बाटो देखाएको छ। यसले समुन्नत मुलुक निर्माणका लागि सक्षम नागरिक तयार गर्न तथा युवालाई सशक्तीकरण गरी युवा सम्बन्धी विषयको नीति निर्माण देखि कार्यान्वयन तहसम्म आवश्यकता अनुसार उनीहरुलाई संलग्न गराई राष्ट्रिय विकासको मूलप्रवाहमा समावेश गर्न वाञ्छनीय भएकोले युवा परिषद स्थापना गरिएको जनाएको छ। सार्वभौम संसदवाट पारित भइ मिति २०७२/ ०४/२७ मा प्रमाणीकरण भएको यस ऐनले परिषदलाई अविच्छिन्न उत्तराधिकारवाला एक स्वशासित र संगठित संस्थाको रुपमा परिकल्पना गरेको छ।

यस ऐन बमोजिम युवा तथा खेलकुद मन्त्री वा राज्यमन्त्री पदेन अध्यक्ष र नेपाल सरकारले नियुक्त गरेको व्यक्ति कार्यकारी उपाध्यक्ष रहनगरी परिषद्को गठन हुने प्रावधान रहेको छ। युवा तथा खेलकुद मन्त्रालय सहित विभिन्न आठ संघीय मन्त्रालयका सचिव समेत उक्त परिषदमा सदस्य रहनेछन् भने वांकी २५ जना सदस्य विभिन्न क्षेत्रका युवावाट मन्त्रालयले नियुक्त गर्ने प्रावधान रहेको छ। परिषद्को मुल काम, कर्तव्य र अधिकारमा युवा सम्बन्धी दीर्घकालीन नीति तर्जुमा गरी नेपाल सरकारसमक्ष सिफारिस गर्ने, नेपाल सरकारबाट स्वीकृत नीतिको अधीनमा रही युवा सम्बन्धी योजना तथा कार्यक्रम बनाई लागू गर्ने, युवालाई राष्ट्र निर्माणमा सहभागी हुन तथा मुलुक निर्माणमा केन्द्रित भई अघि बढ्न उत्प्रेरित गर्ने आदि रहेका छन्। यस ऐन बमोजिम राष्ट्रिय युवा परिषद स्थापना भइ युवा सशक्तीकरणमा अघि वढ्नु एक ऐतिहासिक परिघटना मान्न सकिन्छ। यसले नेपालको युवा सशक्तीकरणको अभियानलाई नीतिगत विकासको चरणवाट संरचनागत विकासको चरणमा फड्को हानेको पाइन्छ (राष्ट्रिय युवा परिषद , २०७२ )।

**राष्ट्रिय युवा नीति २०८२ : युवाको नयाँ परिभाषा**

प्रत्येक पाँच पाँच बर्षमा नयाँ युवा नीति अद्यावधिक गरिने प्रावधान भएपनि झण्डै १० बर्षपछि मात्र राष्ट्रिय युवा नीति २०८२ जारी भयो। नेपाल सरकार मन्त्रिपरिषदवाट बि.स.२०८२/०५/०२ मा स्वीकृत यस नीतिले युवाको उमेरको परिभाषामा महत्वपूर्ण परिवर्तन ल्याएको छ। अघिल्लो नीतिले युवाको उमेर १६-४० कायम गरेकोमा यस नीतिले १८-३५ कायम गरेको छ। राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिवेश अनुकूल हुने गरी नेपालको सन्दर्भमा १८ देखि ३५ वर्षको उमेर समूहको जनसङ्ख्यालाई युवा मानिने नीतिमा उल्लेख छ । नेपालको बालबालिका सम्बन्धी ऐनमा १८ वर्षसम्मको उमेर समुहलाई बालबालिका मानिएको र अन्तर्राष्ट्रिय

मापदण्डहरूसँग सामञ्जस्य कायम गर्न यो उमेर समूह परिमार्जन गरिएको दावी गरिएको छ। यसले गर्दा नेपालमा युवाको संख्यामा नै ठुलो वद्लाव आयो। पहिले युवाको जनसङ्ख्या ४२.७६ % युवा थियो भने यो नीति पछि युवाको जनसङ्ख्या ३०.१० % कायम हुन गयो ( युवा तथा खेलकुद , २०८२)।

यस नीतिको मुल ध्यय (Mission) ' युवाको सर्वाङ्गीण विकासमार्फत् राष्ट्र निर्माणमा सार्थक सहभागिता' रहेको छ। यसैगरी यस नीतिले युवाको सर्वाङ्गीण विकास गर्ने, राज्यको विकासमा युवाको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्ने र राष्ट्रभाव भएका सदाचारी एवं सुसंस्कृत युवा तयार गरी समुन्नत राष्ट्र निर्माणमा योगदान गर्ने लक्ष्य तय गरेको छ।

यस नीतिको अर्को महत्त्वपूर्ण पक्ष संघीय संरचनालाई आत्मसात गर्नु हो। अघिल्लो नीतिले मुलुकको संघीय संरचनालाई समेट्न सकेको थिएन। किनभने उक्त नीति संविधान जारी हुनु अगाडि नै स्विकृत भएको थियो।

यस नीतिमा सार्वजनिक क्षेत्रमा मितव्ययिता र दिगोपना हुने गरी राज्यका तीनै तहका सरकार अन्तर्गतका विद्यमान संरचनाहरूको क्षमता अभिवृद्धि गरिने प्रतिवद्धता जनाइएको छ । तहगत सरकारहरू बीच सहकार्यात्मक अन्तरसम्बन्ध कायम गर्न आवश्यकता र औचित्यको आधारमा सङ्घ, प्रदेश र स्थानीय तहमा आवश्यक व्यवस्था गरी नीति कार्यान्वयनको नेतृत्व सङ्घीय युवा तथा खेलकुद मन्त्रालयले गर्ने सोच अघि सारिएको छ। प्रदेश सरकारले आवश्यक नीति निर्माण र संस्थागत व्यवस्था गरी यस नीतिको कार्यान्वयनमा सघाउने र स्थानीय तहले उपयुक्त तयारी गरी नीतिको कार्यान्वयन गर्नु पर्ने नीति अघि सारिएको छ।

यस नीतिले डिजिटल समावेशीकरणको सिद्धान्तअनुरूप सूचना प्रविधिको प्रयोगमा सबै युवाको सहभागिता सुनिश्चित गर्दै सूचना प्रविधिको क्षेत्रलाई रोजगारीको मुख्य केन्द्रको रूपमा विकास गर्न जोड दिएको छ। डिजिटल साक्षरतालगायत सूचना प्रविधिसम्बन्धी तालिम तथा विविध कार्यक्रमहरू सञ्चालन गर्ने र डिजिटल प्रविधिमा आधारित रोजगारीमा युवालाई आकर्षित गर्न दक्षता अभिवृद्धि गरिने नीति तय गरिएको छ।

यस नीतिले समावेशी र समविकासको सिद्धान्त आत्मसात गरेको छ। सङ्घीय लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गर्न, राष्ट्रिय स्वाधीनता तथा नेपालको सार्वभौमसत्तालाई अक्षुण्ण राख्न, युवा नेतृत्वको सम्भावनालाई मूर्त रूप दिन र राज्य सञ्चालनका हरेक प्रक्रियामा युवाको सक्रिय सहभागिता सुनिश्चित गर्न राज्यले ठोस नीति लिनुपर्नेमा आवश्यकता यसमा औल्याइएको देखिन्छ। मुलुकले सङ्घीय प्रणाली अभ्यास गरिरहेको सन्दर्भमा युवाको विकास, परिचालन र उपयोग गर्न राज्यको तीनै तहका सरकारको भूमिका परिभाषित गर्न यस नीतिले विशेष जोड दिएको छ ( युवा तथा खेलकुद , २०८२)।

**तालिका 1**

| क्र.स. | नीति | जारी मिति | युवा उमेर समूह | मुख्य ध्येय | मुख्य विशेषता |
|---|---|---|---|---|---|
| १ | राष्ट्रिय युवा नीति २०६६ | २०६६ माघ १४ | १६-४० वर्ष | नेपाली युवाहरूलाई सक्षम, प्रतिस्पर्धी, आत्मनिर्भर र नेतृत्वदायी बनाई राष्ट्र निर्माणमा उनीहरूको सार्थक सहभागिता सुनिश्चित गर्ने। | पहिलो तथा समावेशी युवा नीति। |
| २ | राष्ट्रिय युवा नीति २०७२ | २०७२ असोज १९ | १६-२४ वर्ष तथा २५-४० वर्ष | युवाका आधारभूत अधिकारहरूको प्रत्याभूति गर्दै युवा सशक्तीकरणका माध्यमबाट सामर्थ्यवान्, उद्यमशील, सिर्जनशील तथा वैज्ञानिक एवं सकारात्मक सोचयुक्त समृद्ध युवा तयार गर्नु। | राष्ट्रिय युवा परिषद् स्थापनामा जोड तथा दुई उमेर-प्राथमिकता समूह निर्धारण। |
| ३ | राष्ट्रिय युवा नीति २०८२ | २०८२ भाद्र २ | १८-३५ वर्ष | युवाको सर्वाङ्गीण विकासमार्फत् राष्ट्र निर्माणमा सार्थक सहभागिता सुनिश्चित गर्ने। | उमेर घटयो, प्रादेशिक सहकार्य र समन्वयमा जोड |

## युवा नीति विकासक्रमको संक्षिप्त विश्लेषण

नेपालमा युवा नीति निर्माणको विकासक्रमको इतिहास धेरै लामो देखिंदैन। खासगरी तत्कालीन बिद्रोही माओवादीद्वारा सञ्चालित दशबर्षे सशस्त्र सङ्घर्ष र २०६२-२०६३ को ऐतिहासिक जनआन्दोलनको पृष्ठभूमिमा युवाका आकांक्षा र सम्भावनालाई सम्वोधन गर्ने ध्ययका साथ अलग्गै राष्ट्रिय युवा नीति अगाडि सारिएको देखिन्छ। त्यसमा अन्तर्राष्ट्रिय युवा दिवस मनाउने सन्दर्भमा नेपाल स्थित संयुक्त राष्ट्रसंघीय निकाय , युवा केन्द्रित् गैरसरकारी संघसंस्था र युवा संघ-संगठनको भुमिका पनि महत्वपूर्ण रहेको पाइन्छ।

नेपालको युवा नीति विकासक्रमको विश्लेषण गर्दा फरक समय र पृष्ठभूमिमा जारी भएका तीन फरक युवा नीतिका आआफ्नै मौलिक विशेषता रहेका छन्। नेपालको पहिलो र आधिकारिक सरकारी युवा नीतिको रुपमा जारी भएको यस नीतिले युवा उमेरको परिभाषा दिएको थियो। १६-४० को उमेर समुहलाई युवाको रुपमा किटान गरेको यस नीतिले विशेष प्राथमिकता समुह समेत किटान गरेको थियो। जसअनुसार  दलित, आदिवासी जनजाति, महिला, अपाङ्गता भएका व्यक्ति, द्वन्द्वपीडित र पिछडिएको क्षेत्रका युवाहरूलाई विकासको मूलधारमा ल्याउन सकारात्मक विभेद (आरक्षण) को नीति अबलम्वन गर्ने  मा जोड दिएको  देखिन्छ। । मुख्यतः यो नीति वन्नु अघि नेपालमा भएका ठुलाठुला राजनीतिक आन्दोलनमा उठेका मुद्धा र परिवर्तनका मुल्यहरुको प्रभाव यस नीतिमा झल्किएको पाइन्छ।

राष्ट्रिय युवा नीति २०६६ लाई प्रतिस्थापन गर्दै २०७२ सालमा नयाँ युवा नीति जारी भयो। धेरै भन्दा धेरै सरोकारवालाको छलफल र सहभागितापछि  जारी भएको यो नीति तुलनात्मक रुपमा वहुआयामिक रहेको पाइन्छ। यसले युवा उद्यमशीलतादेखि नेतृत्व विकासमा विशेष जोड दिएको देखिन्छ। युवा नीतिको कार्यान्वयनका लागि राष्ट्रिय युवा परिषद जस्ता निकायको

स्थापनामा यसले जोड दिएको पाइन्छ। फरक उमेर समुहका युवालाई यस नीतिले दुई खण्डमा बिभाजन गरेर सोही वमोजिम युवा लक्षित् कार्यक्रममा तय गर्न अभिप्रेरित गरेको देखिन्छ। यसले १६-२४ उमेर समुहका युवाका लागि सीप, नेतृत्व र क्षमता विकासमा जोड दिने तथा २५-४० उमेर समुहका युवाका लागि उद्यमशीलता र स्वरोजगारमा जोड दिने मार्गचित्र तय गर्न खोजेको देखिन्छ। राष्ट्रिय युवा नीति २०७२ कार्यान्वयन गर्ने कार्ययोजनाको रुपमा जारी भएको युथ भिजन २०२५ यही नीतिको अभिन्न अंगका रुपमा रहेको देखिन्छ। यही नीतिकै जगमा राष्ट्रिय युवा परिषद स्थापना हुनुलाई यस नीतिको एउटा महत्वपूर्ण उपलब्धिको रुपमा लिन सकिन्छ।

पाँच बर्षमा जारी हुनुपर्ने तेस्रो युवा नीति जारी हुन झण्डै दशबर्ष लाग्यो।अन्ततः अघिल्लो युवा नीतिलाई प्रतिस्थापन गर्दै राष्ट्रिय युवा नीति २०८२ जारी भयो। यस नीतिले युवाको परिभाषामा नै ठुलो परिवर्तन ल्याएको पाइन्छ। यस नीति अनुसार युवाको उमेर १८-३५ कायम भएपछि कुल जनसङ्ख्यामा युवाको जनसङ्ख्या ३०.१ प्रतिशत कायम हुन गयो। जबकी यसअघि युवाको जनसङ्ख्या कुल जनसङ्ख्या ४२.५६ प्रतिशत थियो। यस नीतिले 'युवाको विकास र विकासमा युवा 'भन्ने मान्यतालाई प्रमुखताका साथ अगाडि सारेको देखिन्छ। यस नीतिले बदलिँदो समयको माग र आवश्यकतालाई मध्यनजर गर्दै डिजिटल अर्थतन्त्रको विकास र युवा सशक्तीकरणमा विशेष जोड दिएको पाइन्छ। यस नीतिले संघ, प्रदेश र स्थानीय तहका तीन सरकार विचको सहकार्य र समन्वयमा जोड दिएको छ, जुन अघिल्लो नीतिमा थिएन।

**युवा नीति कार्यान्वयनका सबल र दुर्बल पक्ष**

नेपालको पछिल्लो राजनीतिक र सामाजिक परिवर्तनको पृष्ठभूमिमा विकसित हुँदै आएको राष्ट्रिय युवा नीति आफैंमा सकारात्मक मान्न सकिन्छ। तर नीति जति सुन्दर र सकारात्मक भएपनि त्यसको कार्यान्वयन पक्ष भने उत्तिकै चुनौतीपूर्ण देखिन्छ। युवा नीतिको नतिजामुखी कार्यान्वयन नभएकै कारण नेपाली युवामा निराशा र असन्तुष्टि वढेको देखिन्छ। यदि उपरोक्त राष्ट्रिय युवा नीतिहरुमा प्रक्षेपण गरिएजस्तै युवाहरुलाई नीति निर्माण तहदेखि कार्यान्वयन तहसम्म प्रभावकारी ढंगले समयमै सहभागी गराउन सकिएको भए युवाहरुको असन्तुष्टि र आक्रोश धेरै भयावह रुपमा वढ्ने थिएन। सडकमा पोखोएको नवयुवाहरुको पछिल्लो 'जेनजी बिद्रोह' लाई त्यसैको उदाहरण मान्न सकिन्छ।

अवश्य पनि युवाका नीति वन्नु , संरचना वन्नु र कार्यान्वयनतर्फ समेत अग्रसरता लिइनुलाई सकारात्मक कदम मान्न सकिन्छ। करिब एक दशककै अवधिमा तिनपटक राष्ट्रिय युवा नीति परिमार्जन हुनु , त्यसलाई कार्यान्वयन गर्न दशवर्षे रणनीतिक कार्ययोजना सहितको युथ भिजन वन्नु र ऐन मार्फत् नै राष्ट्रिय युवा परिषद जस्ता बलिया सरकारी संरचना वन्नुलाई युवाको क्षेत्रमा महत्वपूर्ण फड्को मान्न सकिन्छ। तर यी सवै नीतिगत पहलकदमीवाट अपेक्षाकृत नतिजा आउन नसक्नु चाहिं ठुलो चुनौती हो। युवाको भीमकाय जनसङ्ख्याको तुलनामा ज्यादै न्युन वजेट मात्र विनियोजन हुनु , युवा लक्षित् उद्यमशीलता कार्यक्रम प्रभावकारी ढंगले अघि

वढ्न नसक्नु र युवा स्टार्टअप कार्यक्रम लक्षित् समुदायमा पुग्न नसक्नुले युवा नीतिको प्रभावकारी कार्यान्वयनमा अझै व्यापक समस्या देखिन्छ। यसलाई चिर्नका निम्ति आम युवालाई देशभित्रै आशा, भरोसा र विश्वास जागृत गराउन जरुरी छ।

## निष्कर्ष र सुझाव

नेपालमा औपचारिक रुपमा राष्ट्रिय युवा नीति जारी भएको धेरै भएको छैन। राष्ट्रिय युवा नीतिको ऐतिहासिक विकासक्रम हेर्दा नेपाल सरकार मन्त्रिपरिषदद्वारा स्वीकृत भइ जारी गरिएको राष्ट्रिय युवा नीति २०६६ नै पहिलो औपचारिक नीति हो। यस नीतिले पहिलोपटक युवाको उमेर समुहलाई परिभाषित गर्दै युवाका समस्या र समाधानको बाटो पहिल्याउन प्रयत्न गरेको देखिन्छ। त्यसपछि बदलिँदो समय र आवश्यकता अनुसार उक्त नीतिलाई प्रतिस्थापन गर्दै राष्ट्रिय युवा नीति २०७२ भयो। यस नीतिले युवा उमेर समुहलाई दुई भागमा मात्र विभाजन गरेन राष्ट्रिय युवा परिषद स्थापनाको ठोस आधार प्रदान गर्यो। हाल उक्त नीतिलाई समेत प्रतिस्थापन गर्दै राष्ट्रिय युवा नीति २०८२ जारी भइ क्रियाशील रहेको छ। यसले मुलत: युवाको उमेर समुह घटाएर नयाँ परिभाषा स्थापना गर्यो। यस नीतिले युवाका कामलाई तीन तहका सरकारसँगको समन्वय र सहकार्यमा प्रभावकारी वनाउने आधार तयार गर्यो , जुन अघिल्लो नीतिमा थिएन। समग्रमा राष्ट्रिय युवा नीतिले युवाको समयानुकूल परिभाषा गर्ने , युवाका समस्या तथा सम्भावना पहिचान गर्ने र समाधानको बाटो पहिल्याउँदै युवाको सर्वाङ्गीण विकास र सशक्तीकरणमा जोड दिएको देखिन्छ।

**सुझावहरु**

- युवाहरुलाई क्रमशः नीति निर्माण तहदेखि कार्यान्वयन तहसम्म अनिवार्य रुपमा सहभागी गराउने ठोस योजना र कार्यक्रम अघि सार्नुपर्दछ।
- संघ , प्रदेश र स्थानीय तहविच उच्च प्रकारको समन्वय र सहकार्यलाई सुनिश्चित गर्ने नतिजामुखी युवा नीति तर्जुमामा जोड दिइनुपर्छ।
- नेपाली युवाको सर्वाङ्गीण विकासका लागि सुचना-प्रविधिमा आधारित युवा उद्यमशीलता मैत्री नीतिमा जोड दिइनुपर्दछ।

## सन्दर्भ सामग्री सूची


एन्जेल, डब्लु. (सन् २००१) , *राष्ट्रिय युवा नीतिको अवधारणा र सामाजिक-राजनीतिक ढाँचा,* संयुक्त राष्ट्रसङ्घ, काउन्सिल अफ युरोप।

कौटिल्य ( बि.स. २०२१), *कौटिल्यको अर्थशास्त्र ( संस्कृति र राजनीति सम्बन्धी भावानुवाद/सम्पादन),* विद्यार्थी पुस्तक भण्डार।

क्रिसवेल, जे. डब्लु. र पोथ, सी. एन. (सन् २०१८), *गुणात्मक अध्ययन र अनुसन्धान डिजाइन: पाँच वटा पहुँचहरू मध्येबाट छनोट (चौथो संस्करण),* सेज पब्लिकेसन्स्।

केहिली, एम. जे. (सन् २००७), *अन्डरस्ट्यान्डिङ युथः पर्सपेक्टिभ्स, आइडेन्टिटिज एण्ड प्राक्टिसेस* , सेज पब्लिकेसन्स्।

गान्धी, एम. के. (सन्१९३१) , *यङ्ग इन्डिया* , नवजीवन ट्रस्ट।

नीति अनुसन्धान प्रतिष्ठान( बि.स.२०८१), *राष्ट्रिय युवा नीति २०७२ को समीक्षात्मक प्रतिवेदन,* नीति अनुसन्धान प्रतिष्ठान।

यु.एन. डिजिटल लाइब्रेरी सिस्टम (सन् १९९८), *युवा नीति निर्माण तथा कार्यान्वयनसम्बन्धी विश्वव्यापी स्थिति र प्रतिवेदन,* संयुक्त राष्ट्रसङ्घ।

युएनडिपि नेपाल( सन् २०१३), *नेपाल मानव विकास प्रतिवेदन,* युएनडिपि नेपाल।

युवा तथा खेलकुद मन्त्रालय (बि.स. २०६६), *राष्ट्रिय युवा नीति- २०६६,* नेपाल सरकार, युवा तथा खेलकुद मन्त्रालय।

युवा तथा खेलकुद मन्त्रालय (बि.स. २०७२), *राष्ट्रिय युवा नीति- २०७२,* नेपाल सरकार, युवा तथा खेलकुद मन्त्रालय।

युवा तथा खेलकुद मन्त्रालय. (बि.स. २०८२*), राष्ट्रिय युवा नीति-२०८२,* नेपाल सरकार, युवा तथा खेलकुद मन्त्रालय.

युरोपियन युथ फोरम (सन् २०१४), *युवा नीतिमा क्षेत्रगत एकीकरण र रणनीतिक ढाँचा* , युरोपियन युथ फोरम।

राष्ट्रिय तथ्याङ्क कार्यालय (बि.स. २०७८),*राष्ट्रिय जनगणना २०७८, नेपाल सरकार,* राष्ट्रिय तथ्याङ्क कार्यालय।

राष्ट्रिय युवा परिषद्. (बि.स. २०७५), *युथ भिजन २०२५ र दश वर्षे रणनीतिक योजना,* युवा तथा खेलकुद मन्त्रालय, राष्ट्रिय युवा परिषद।

राष्ट्रिय युवा परिषद ( बि.स. २०८१), *वार्षिक प्रतिवेदन २०८०/०८१,* राष्ट्रिय युवा परिषद।

राष्ट्रिय युवा परिषद ( बि.स. २०८२), *वार्षिक प्रतिवेदन २०८१/०८२,* राष्ट्रिय युवा परिषद।

राष्ट्रिय युवा परिषद( बि.स. २०८२), *युवा तस्वीर दर्पण,* राष्ट्रिय युवा परिषद।

राष्ट्रिय योजना आयोग( सन् २००७*), नेपालमा युवा विकास र नीतिगत आवश्यकतासम्बन्धी प्रतिवेदन,* नेपाल सरकार, राष्ट्रिय योजना आयोग।

विश्व युवा मन्त्रीस्तरीय सम्मेलन( सन् १९९८), *युवा नीति तथा कार्यक्रम सम्बन्धी लिस्बन घोषणापत्र,* संयुक्त राष्ट्रसङ्घ।

शर्मा, पीताम्बर( सन् २०१४), *नेपालमा युवा नीति र परिचालनको इतिहास,* साझा प्रकाशन।

श्रेष्ठ, अमन (बि.स. २०७८), *नेपाल सरकारका राष्ट्रिय नीतिहरू,* राष्ट्रिय सूचना मञ्च।

संयुक्त राष्ट्रसङ्घ (सन् २०१०*), विश्व युवा प्रतिवेदन २०१०: युवा विकासका नीतिगत ढाँचाहरू,* संयुक्त राष्ट्रसङ्घ प्रकाशन।